# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३१ | काठमाडौं | बिहीबार, १० जेठ २०८१ | Prabhab National Daily | Thursday, May 23, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


सर्वोच्चको आदेश

## गृहमन्त्री र महान्यायाधिवक्ता विरुद्धको रिट दर्ता हुने




■ जेबी योञ्जन

- न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासबाट गृहमन्त्रीवरुद्ध मुद्दा दर्ता गर्न आदेश
- सहकारीको बचत अपचलनमा लामिछानेको संलग्नता छैन भन्ने महान्यायाधिवक्ताको पत्र खारेजीलगायत मागसहित अधिवक्ता अनुपम भट्टराईले पेस गरेको रिट दर्ता हुने
- रिटमा कास्की, रुपन्देही र चितवनमा लामिछानेविरुद्ध सहकारी ठगीमा मुद्दा दायर नभएको भनेर महान्यायाधिवक्ता कार्यालयले लेखेको पत्रको वैधतामाथि प्रश्न उठाइएको छ

**काठमाडौं–** सर्वोच्च अदालतले उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने र महान्यायाधिवक्ता कार्यालयविरुद्धको रिट दर्ता गर्न बाटो खोलिदिएको छ । न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले बुधबार महान्यायाधिवक्ता कार्यालय, उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने र महान्यायाधिवक्ता दीनमणि पोखरेलविरुद्धको रिट निवेदन दर्ताको आदेश दिएको हो ।

यो आदेशसँगै सहकारीको बचत अपचलनमा लामिछानेको संलग्नता छैन भन्ने महान्यायाधिवक्ताको पत्र खारेजीलगायत मागसहित अधिवक्ता अनुपम भट्टराईले पेस गरेको रिट दर्ता हुने भएको छ । यसअघि सर्वोच्च अदालतका रजिस्ट्रार विमल पौडेलले जेठ १ गते महान्यायाधिवक्ता कार्यालय, गृहमन्त्री र महान्यायाधिवक्ता विरुद्धको रिट अस्वीकार (दरपीठ आदेश) गरेका थिए ।

अधिवक्ता भट्टराईको रिटमा कास्की, रूपन्देही र चितवनमा लामिछानेविरुद्ध सहकारी ठगीमा मुद्दा दायर नभएको भनेर महान्यायाधिवक्ता कार्यालयले लेखेको पत्रको वैधतामाथि प्रश्न उठाइएको छ । रिटमा लामिछाने सहकारी ठगीमा संलग्न रहेको र त्यसको छानबिन गर्दाका क्रममा उपप्रधान तथा गृहमन्त्रीबाट हटाउन, सांसद पदबाट पनि निलम्बन गर्न माग गरिएको छ । पदमा बहाल रहँदा सहकारी ठगी छानबिनको अनुसन्धानलाई प्रभावित पार्ने भएकाले पदबाट हटाउन माग गरिएको हो ।

तर, सर्वोच्चले लामिछानेलाई गृहमन्त्रीबाट हटाउन र सांसद पदबाट निलम्बन गर्न गरिएको मागलाई भने अस्वीकार गऱ्यो । सर्वोच्चको आदेशसँगै अब गृहमन्त्री लामिछानेविरुद्ध सहकारीको बचत अपचलनमा उजुरी दर्ता हुने भएको छ । सहकारीपीडितहरूले यसअघिदेखि नै लामिछानेविरुद्ध किटानी जाहेरी दिन खोजेका थिए । आरोपी नै गृहमन्त्री भएकाले मातहतका प्रहरी कार्यालयले कहीँ पनि उजुरी लिएन । यसले गर्दा लामिछाने आफूविरुद्ध कहीँ पनि उजुरी नपरेको र सहकारीको बचत अपचलनमा आफ्नो संलग्नता नभएको दाबी गर्दै आएका छन् । बरु, मिडिया ट्रायल भएको भन्दै सञ्चारमाध्यमहरूप्रति असन्तुष्टि पोख्दै आएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

कांग्रेस केन्द्रीय समिति बैठक

## 'कांग्रेस सदनमा फितलो देखियो'



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका केन्द्रीय सदस्यहरूले सदनमा कांग्रेसको प्रस्तुति निकै कमजोर भएको भन्दै प्रश्न उठाएका छन् । बुधबार केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय समिति र संसदीय दलको बैठकमा केन्द्रीय सदस्यहरूले यस्तो प्रश्न उठाएका हुन् ।

सहकारीको रकम अपचलनमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने संलग्न रहेको पर्याप्त प्रमाण हुँदाहुँदै कांग्रेस सांसदहरूले सदनमा कुनै भूमिका खेल्न नसकेको आरोप लगाएका हुन् । 'नीति तथा कार्यक्रम पनि सजिलै आयो, गृहमन्त्री रवि लामिछानेले बोल्ने मौका पनि पाए, हुँदाहुँदा प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत पनि लिन भ्याए,' बैठकपछि एक केन्द्रीय सदस्यले भने, 'संसदीय छानबिन समिति बनाउँछु भनेर प्रधानमन्त्रीले कांग्रेसलाई फस्ल्याङफुस्लुङ पारे ।'

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रतिनिधिसभामा संसदीय दलका नेता हुन् । कांग्रेस ८८ सांसदसहित प्रतिनिधिसभाको पहिलो दल हो । सहकारीको रकम ठगी प्रकरणमा कांग्रेसले दुई महिनादेखि संसदीय छानबिन समिति गठनको माग गर्दै सदन अवरोध पार्दै आएको थियो । प्रधानमन्त्री दाहाल पनि कांग्रेसको मागमा सकारात्मक देखिए । समिति गठनका लागि कानुनमन्त्री पदम गिरीको संयोजकत्वमा कार्यदल पनि बन्यो । तर कार्यादेश (टिओआर)मा कुरा नमिल्दा अझै पनि सहमति जुट्न सकेको छैन ।



> सरकार निरंकुशतातर्फ उन्मुख छ । कानुनी राज्यको विरोधमा सरकार लागेको छ । यस्तो प्रवृत्तिको विरुद्ध हामी उभिन्छौं ।
>
> ■ **डा. प्रकाशशरण महत**
> **प्रवक्ता, नेपाली कांग्रेस**

कांग्रेसले समितिमा सहमहामन्त्री जीवन परियारलाई खटाएको छ । परियारले अडान राख्न नसक्दा कार्यदलमा कांग्रेसको प्रस्तुति कमजोर भएकोसमेत ती केन्द्रीय सदस्यको दाबी रह्यो । कांग्रेसको अवरोधका बीच सरकारले जेठ १ गते सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिसकेको छ । यहीबीचमा जेठ ६ गते कांग्रेसले गृहमन्त्री लामिछानेलाई सदनमा बोल्ने मौका दियो । भोलिपल्टै प्रधानमन्त्री दाहालले विश्वासको मत लिए । तेस्रो दिन कांग्रेसको अवरोधका बीच गृहमन्त्री लामिछानेले राजनीतिक दलसम्बन्धी विधेयक फिर्ता लिए । यसरी सदनमा कमजोर भएकै कारण अब कांग्रेस सडकमा उत्रिनुपर्ने भएको ती केन्द्रीय सदस्यको दाबी थियो ।

### आइतबार काठमाडौंमा प्रदर्शन

कांग्रेसले जेठ १३ गते आइतबार उपत्यका केन्द्रित प्रदर्शन गर्ने भएको छ । सहकारीको रकम अपचलन गरेको आरोप लागेका गृहमन्त्री लामिछानेमाथि अनुसन्धान गर्न दबाब बढाउन कांग्रेसले आन्दोलन गर्न लागेको हो । बुधबार सानेपास्थित केन्द्रीय कार्यालयमा बसेको केन्द्रीय समिति र संसदीय दलको बैठकले उक्त निर्णय गरेको कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले बताए । 'सरकार निरंकुशतातर्फ उन्मुख छ । कानुनी राज्यको विरोधमा सरकार लागेको छ । यस्तो प्रवृत्तिको विरुद्ध हामी उभिन्छौं,' कांग्रेस प्रवक्ता डा. महतले भने ।

कांग्रेसले आवश्यक तयारीका लागि बुधबारको बैठकमा उपत्यकाका तीनै जिल्लाका पार्टी सभापति, भ्रातृ संगठनका प्रमुखहरूलाई आमन्त्रण गरेको थियो । प्रवक्ता महतले सरकार नै जनतालाई ठगी गर्ने, अपराधीलाई संरक्षण गर्ने, संविधान, लोकतन्त्र र लोकतान्त्रिक मूल्य मान्यतामा आक्रमण गर्दै निरंकुशतातर्फ उन्मुख रहेको आरोप लगाए ।

(क्रमशः पृष्ठ २ मा)

### गृहमन्त्रीमाथि छानबिन गर्न राप्रपाको माग

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि छानबिन गर्न माग गरेको छ । धुम्बाराहीमा बुधबार बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले गृहमन्त्री लामिछानेमाथि लागेका आरोपमाथि छानबिनको माग गरेको प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिए ।

'राप्रपा जुनसुकै ओहोदामा रहेका जोसुकै व्यक्तिले कानुनविपरीत गरेका कामको निष्पक्ष र न्यायिक छानबिन हुनुपर्दछ भन्नेमा प्रस्ट छ,' राप्रपाको निर्णयमा उल्लेख छ, 'नागरिकता प्रकरणमा जुन ढंगबाट कैलाश सिरोहियामाथि छानबिन सुरू भएको छ, त्यसैगरी गृहमन्त्री रवि लामिछानेमाथि लागेका आरोपमाथि पनि छानबिन गरिनुपर्छ भन्ने राप्रपाको धारणा रहेको छ ।'

सन्दर्भः वैदेशिक रोजगार

## 'फ्रि भिसा, फ्रि टिकट' नीतिमा पुनरावलोकन तयारी

■ प्रभाव संवाददाता



> मलेसियालगायत खाडी मुलुकमा जाने कामदारले १० हजार रूपैयाँ सेवा शुल्कबाहेक अन्य कुनै शुल्क तिर्नु नपर्ने भनिए पनि म्यानपावरलाई अनधिकृतमा तीन/चार लाख रूपैयाँसम्म बुझाउने गरेको पाइएपछि फ्रि भिसा फ्रि टिकटको नीति परिमार्जन गर्न लागिएको हो

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल वैदेशिक रोजगारीका लागि लागू गरिएको 'फ्रि भिसा, फ्रि टिकट'को व्यवस्था पुनरावलोकन गर्ने तयारीमा लागेका छन् । उक्त व्यवस्था कार्यान्वयनमा जटिलता देखिएपछि पुनरावलोकन गर्ने मनस्थितिमा उनी पुगेको बताइएको छ । मन्त्री अर्याल रोजगारीका लागि नेपाली कामदारले अनधिकृतरूपमा चर्को शुल्क तिरेर विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्न र राजस्व छली हुनबाट रोक्न फ्रि भिसा, फ्रि टिकटको व्यवस्थामा पुनरावलोकन गर्ने तयारी गरेका हुन् ।

तत्कालीन श्रममन्त्री टेकबहादुर गुरुङले २०७२ असार २३ गते विदेश जाने कामदारलाई निःशुल्क पठाउने भन्दै मन्त्रीस्तरीय निर्णयबाट फ्रि भिसा, फ्रि टिकटको नीति लागू गरेका थिए । त्यसयता विदेश जाने कामदारले म्यानपावरलाई सेवा शुल्कबापत १० हजार रूपैयाँमात्रै बुझाउनुपर्ने व्यवस्था भए पनि नीतिविपरीत चर्को लागत शुल्क बुझाएर जान बाध्य छन् । मलेसियालगायत खाडी मुलुकमा जाने कामदारले १० हजार रूपैयाँ सेवा शुल्कबाहेक अन्य कुनै शुल्क तिर्नु नपर्ने भनिए पनि म्यानपावरलाई अनधिकृतमा तीन/चार लाख रूपैयाँसम्म बुझाउने गरेको पाइएपछि मन्त्री अर्याल फ्रि भिसा फ्रि टिकटको नीति परिमार्जन गर्ने पक्षमा पुगेको मन्त्रालयकै एक अधिकारीले बताए ।

फ्रि भिसा, फ्रि टिकटको नाममा भइरहेको चर्को असुली नियन्त्रण सम्बन्धमा श्रममन्त्री अर्यालले विभिन्न योजना बनाइरहेको ती अधिकारीले बताए । उनका अनुसार केही दिनअघि मन्त्री अर्यालले सम्बन्धित विषयसँग सरोकार राख्ने आफूनिकटस्थहरूसँगको छलफलमा वैदेशिक रोजगारीका क्षेत्रमा भइरहेका बेथिति अन्त्य गर्न राय सुझावसमेत लिएका छन् । जसमा सेवा शुल्क परिमार्जनका लागि अध्ययन भइरहेको र त्यसको व्यावहारिक कार्यान्वयनको पक्ष कसरी सबल बनाउने भन्नेमा मन्त्री अर्यालको जोड रहेको बताइएको छ ।

उनले विभिन्न फोरमहरूमा पनि वैदेशिक रोजगारीमा जाने कामदारले अनधिकृतरूपमा चर्को शुल्क बुझाउनुपरेको भन्दै गुनासो आइरहेकोप्रति आफ्नो ध्यानाकर्षण भएको बताउँदै आएका छन् । यद्यपि मन्त्री अर्यालको ध्यानाकर्षणका बाबजुद पनि फ्रि भिसा फ्रि टिकट कार्यान्वयन हुने अवस्था नभएपछि नीति परिमार्जनका लागि विभिन्न सरोकारवालासँग छलफलसमेत अघि बढाइएको छ । 'मन्त्रालयसँग पटक-पटक भएको छलफलमा पनि वैदेशिक रोजगार व्यवसायीहरूले कामदारलाई फ्रि भिसा फ्रि टिकटमा पठाउन नसकिने अडान राख्दै आएका छन्,' ती अधिकारीले भने, 'उनीहरूले वैदेशिक रोजगारमा कामदार पठाउँदा एक महिनाको तलब वा एक लाख रूपैयाँमध्ये जुन कम हुन्छ त्यसलाई आधार मानेर सेवा शुल्क लिन पाउनुपर्ने प्रस्ताव गरेका छन् ।'

मन्त्री अर्यालसँग भएको अनौपचारिक भेटघाटमा पनि व्यवसायीहरू आफैंले सरकारको नीतिका कारण ९५ प्रतिशतभन्दा बढी कामदारले अनधिकृतरूपमा मोटो रकम बुझाएर रोजगारीका लागि विदेश जाने गरेको बताउँदै आएका छन् । जसका कारण विदेश जाने कामदारसँग भइरहेको अनधिकृत शुल्क असुली रोक्न र व्यवसायीहरूको माग सम्बोधन हुनेगरी सेवा शुल्क परिमार्जन गर्न मन्त्रालयले आन्तरिक गृहकार्यका लागि एक सहसचिवलाई जिम्मेवारी दिने तयारी गरेको बताइएको छ ।

मन्त्री अर्यालले सेवा शुल्क परिमार्जनका सम्बन्धमा हुनसक्ने आलोचना र विरोधलाई पनि सम्बोधन गर्न सरोकारवालाहरूसँग छलफल गरी आवश्यक निर्णय गर्ने बताएका छन् । 'हामीले सेवा शुल्क परिमार्जन गर्नुपर्ने कारण र यसबाट हुने उपलब्धिलाई आमरूपमा बुझाउन सक्नुपर्छ भन्ने मन्त्रीज्यूको धारणा छ,' ती अधिकारी भन्छन्, 'वैदेशिक रोजगारीमा जाने कामदारसँग लिने शुल्कलाई व्यवस्थित मात्रै गर्न सके मुलुकको राजस्वमा ३० अर्बभन्दा बढी योगदान पुऱ्याउन सकिने बताउनुभएको छ ।'

(क्रमशः पृष्ठ २ मा)

## कामीरिता ३०औं पटक सगरमाथाको शिखरमा



- वसन्त ऋतुको जारी आरोहणमा उनी दोस्रोपटक सगरमाथाको चुचुरोमा
- गत वैशाख ३० गतेमात्र २९औं पटक सगरमाथा आरोहण गरी कीर्तिमान बनाएका थिए
- १० दिनभित्रै तोडे यसअघिको आफ्नै कीर्तिमान

**काठमाडौं (प्रस)–** कामीरिता शेर्पाले ३०औं पटक सगरमाथा आरोहण गरी नयाँ कीर्तिमान कायम गरेका छन् । सगरमाथा आधारशिविरस्थित पर्यटन विभागको अस्थायी कार्यालयका प्रमुख खिमलाल गौतमका अनुसार उनी बुधबार बिहान ७ बजेर ४९ मिनेटमा चुचुरोमा पुगेका हुन् ।

'कामीरिता शेर्पाले सगरमाथा शिखमा ३०औं पटक पाइला टेकेर नयाँ कीर्तिमान कायम गर्नुभएको छ,' सगरमाथा आधारशिविरबाट गौतमले भने । वसन्त ऋतुको जारी आरोहणमा उनी दोस्रोपटक सगरमाथाको चुचुरोमा पुगेका हुन् । उनले गत वैशाख ३० गतेमात्र २९औं पटक सगरमाथा आरोहण गरी कीर्तिमान बनाएका थिए । फेरि १० दिनभित्रै उनले नयाँ कीर्तिमान बनाएका हुन् । यसअघि धेरैपटक सगरमाथाको सफल आरोहण गरेर आफ्नै नाममा रहेको कीर्तिमान तोडेका छन् ।

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेका ५४ वर्षीय कामिरिता कुशल पर्वतारोही पथप्रदर्शक हुन् । सन् १९९४ मे १३ मा पहिलोपटक सगरमाथाको चुचुरोमा पुगेका कामीरिताको नाममा आठ हजार मिटर अग्ला शिखरमा सबैभन्दा बढी आरोहण गरेको कीर्तिमान छ । सगरमाथा आरोहणका ७१ वर्षे इतिहासमा सर्वाधिक आरोहण गर्ने एकमात्र कीर्तिमानी आरोही हुन्, कामीरिता ।

(क्रमशः पृष्ठ २ मा)

### दुई आरोही बेपत्ता

**सल्लेरी (सोलुखुम्बु)–** विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणका क्रममा दुई आरोही बेपत्ता भएका छन् । बेपत्ता हुनेमा एक नेपाली र एक बेलायती नागरिक रहेका छन् ।

मंगलबार सगरमाथा चुचुरोबाट फर्कने क्रममा संखुवासभाको मकालु गाउँपालिका-२ का २१ वर्षीय पासतेञ्जी शेर्पा र बेलायती नागरिक ४० वर्षीय डचानियल पउल पिटरसन बेपत्ता भएका पर्यटन विभागका निर्देशक कालीबहादुर भुजेलले जानकारी दिए । चुचुरोमा पुगेर फर्कने क्रममा आठ हजार ७५० मिटरको उचाइमा अवस्थित 'साउथ समिट' नजिक चिप्लिएर दुवैजना बेपत्ता भएका उनले बताए । दुवैजनाले यही जेठ ८ गते बिहान सगरमाथाको सफल आरोहण गरेका पर्यटन विभागका शाखा अधिकृत नारायणप्रसाद खनालद्वारा बुधबार जारी विज्ञप्तिमा उल्लेख छ ।

(क्रमशः पृष्ठ २ मा)

## पृष्ठ १ बाट क्रमशः

### कांग्रेस सदनमा ...

बैठकलेदेशभरका सहकारीपीडितलाई न्याय दिलाउन माग गरेको छ। सहकारी ठगी प्रकरणमा आरोपित गृहमन्त्री लामिछानेमाथि संसदीय छानबिनसहित ठगीमा संलग्नहरूलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याउन कांग्रेसले माग गरेको छ।

प्रवक्ता महतले सरकारले मिडियामाथि नियन्त्रण गर्ने, पत्रकारलाई त्रासमा राख्ने र प्रेस स्वतन्त्रतामाथि आक्रमण गर्न उद्दत देखिएको बताए। 'कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियाविरुद्ध गृह प्रशासन जसरी प्रस्तुत भयो। त्यो प्रतिशोधपूर्ण छ भन्ने हाम्रो ठहर छ। पछिल्लो समयमा निरन्तर रूपमा कान्तिपुरले गृहमन्त्री स्वयम्ले सहकारी ठगी गरेको विषयलाई प्रस्तुत गरेकै आधारमा कान्तिपुरका अध्यक्ष सिरोहियालाई प्रतिशोधपूर्ण ढंगले पक्राउ गरिएकोप्रति हाम्रो आपत्ति छ। मिडियालाई नियन्त्रणमा लिने, त्रासमा राख्ने सरकारको नियत देखिएको छ,' उनले भने।

● ● ●

### गृहमन्त्री र महान्यायाधिवक्ता ...

तर, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी), रूपन्देही प्रहरी र पोखरा महानगरपालिकाले गठन गरेको छानबिन समितिले सहकारीको बचत अपचलनमा रविको संलग्नता रहेको तथ्य सार्वजनिक गरिसकेका छन्। यद्यपि लामिछानेले गोर्खा मिडिया नेटवर्कमा गितेन्द्रबाबु (जिबी) राईको कम्पनीबाट ऋण लगानी आएको दाबी गरेका छन्। तर, चारवटा सहकारीमा सर्वसाधारण बचतकर्ताले बचत गरेको कम्तीमा ९५ करोड ८१ लाख रूपैयाँ गोरखा मिडिया नेटवर्कमा सारिएको पुष्टि नै भएको छ। सहकारीको ८० करोड ३१ लाख रूपैयाँ सारेको बेला लामिछाने गोर्खा मिडिया नेटवर्क प्रालिका सेयरधनी सञ्चालक र प्रबन्ध निर्देशक थिए।

उक्त कम्पनीले ग्यालेक्सी फोरके टेलिभिजन सञ्चालन गरेको थियो। हाल उक्त टेलिभिजन बन्द छ। ११ फागुन २०७७ मा ग्यालेक्सी टेलिभिजनको औपचारिक घोषणासँगै रवि गोरखा मिडिया नेटवर्क प्रालिको प्रबन्ध निर्देशक बनेका थिए। १ असार २०७९ मा उनी उक्त कम्पनीबाट बिदा भए। त्यहीबेला विभिन्न सहकारीबाट गोरखा मिडियामा धमाधम रकम आएको स्पष्ट हुने कागजात प्रहरी र सहकारी कार्यालयमा छन्। ती रकम काठमाडौंको स्वर्णलक्ष्मी, बुटवलको सुप्रिम, चितवनको साहारा र पोखराको सूर्यदर्शन सहकारीबाट आएको देखिएको छ।

काठमाडौंको स्वर्णलक्ष्मी सहकारीबाट मात्र लगानी भन्दै ६४ करोड रूपैयाँ, आर्थिक वर्ष २०७८/०७९ को विवरण सहकारी कार्यालयले संकलन गरेको छ। त्यस्तै बुटवलको सुप्रिम सहकारीबाट १५ करोड ३१ लाख र पोखराको सूर्यदर्शन सहकारीबाट चार करोड ५० लाख रूपैयाँ गोर्खा मिडिया नेटवर्कको खातामा गएको छ। त्यस्तै चितवनको साहाराबाट १२ करोड पनि गोर्खा मिडियामा सारिएको विवरण प्रहरीले संकलन गरेको छ। तर कारोबारको मितिबारे प्रहरीले स्पष्ट जानकारी दिएको छैन।

सार्वजनिक भएका विवरणहरूलाई आधार मान्दा चार सहकारीबाट १३ करोड २६ लाख रवि लामिछाने, विपिनकुमार आचार्य, छविलाल जोशी, भूपेन्द्रबाबु राई र कुमार रम्तेलको माध्यमबाट गोरखा मिडियामा सारेको देखिएको छ। ८२ करोड ५५ लाख रूपैयाँ विनामाध्यम गोरखा मिडिया नेटवर्कको खातामा सारिएको छ। लामिछानेको नामबाट सुप्रिम सहकारीबाट ०७७ चैत १८ मा २ करोड, पोखराको सूर्यदर्शनबाट ०७८ असार ३१ मा एक करोड रूपैयाँ गोरखा मिडियाको खातामा गएको देखिन्छ।

६ पुस २०७८ मा सूर्यदर्शन सहकारीबाट एक करोड र पुस १२ मा सुप्रिम सहकारीबाट एक करोड ५६ लाख १५ हजार गरी कूल दुई करोड ५६ लाख १५ हजार रूपैयाँ गोरखा मिडियाको खातामा गएको कागजातहरूबाट खुलेको छ। तर लामिछानेले भने सहकारीबाट गोरखा मिडियामा आएको ऋणबारे आफूलाई जानकारी नभएको र त्यसप्रति आफू उत्तरदायी नहुने दाबी गर्दै आएका छन्। तर, बुधबार सर्वोच्चको आदेशसँगै सहकारी ठगी प्रकरणमा लामिछानेविरुद्ध मुद्दा दर्ता हुने भएको छ। स्वतन्त्र प्रेसमाथि धावा बोलेको आरोप लागेका उनीविरुद्ध अदालतमा राहदानी दुरूपयोगसम्बन्धी मुद्दा विचाराधीन छ।

### 'फ्रि भिसा, फ्रि टिकट'...

परिमार्जित सेवा शुल्कलाई कडाइका साथ लागू गराउन वैदेशिक रोजगारमा जाने कामदारलाई सू-सूचित गराउने र तोकिएको शुल्क मात्र बुझाई रसिद लिने/दिने बाध्यकारी व्यवस्था गर्ने मन्त्री अर्यालको तयारी छ। विदेश गएर फर्किनुपरेको अवस्थामा पनि रसिदकै आधारमा पीडितलाई रकम फिर्ता गराइने छ। यसका लागि बैंकमार्फत मात्र कारोबार गर्नुपर्ने व्यवस्था हुने बताइएको छ। साथै, वैदेशिक रोजगार क्षेत्रको बेथिति क्रमशः सुधार गर्दै कामदार र देशको हितका निम्ति काम गर्ने कुरामा विश्वस्त रहँदै आफलाई रायसुझाव दिन पनि मन्त्री अर्यालले आग्रह गरेको बताइएको छ।

● ● ●

### कामीरिता ३०औं...

अघिल्लो वर्षको वसन्त ऋतुमा सोलुखुम्बुकै पासाङदावा शेर्पाले २७ पटक सगरमाथा आरोहण गरेर कीर्तिमान कायम गरेका थिए। फिल्ड कार्यालय प्रमुख गौतमका अनुसार बुधबारसम्म आरोही र शेर्पा सहयोगी गरी ४६० भन्दा बढीले सगरमाथा आरोहण गरिसकेका छन्। गत वैशाख २८ गतेदेखि यो वर्षको आरोहण सुरु भएको हो। आरोहणका लागि ४१ आरोही समूहका ७५ महिला र ३३९ पुरुषसहित ४१४ जनाले अनुमति लिएका छन्। अनुमति लिएकामध्ये ७५ प्रतिशतले सफल आरोहण गरेका जनाइएको छ।

● ● ●

### दुई आरोही...

शेर्पा र पिटरसन यस वर्षको वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि गत चैत २२ गते 'एटके एक्सपिडिसन प्रालि'मार्फत विभागको अनुमति लिई आरोहणमा निस्किएका थिए। वातावरण अनुकूल भएको अवस्थामा दुवैजना सगरमाथा आरोहण गर्न आधार शिविरबाट गत शुक्रबार दोस्रो आधार शिविरहुँदै शिखरतर्फ प्रस्थान गरेका पर्यटन विभागको आधारशिविरस्थित सम्पर्क कार्यालयले जनाएको छ। बेपत्ता दुवैजनाको खोजी गर्न उनीहरूको कम्पनीले छ अनुभवी हिमाली पथप्रदर्शक परिचालन गरेको पर्यटन विभागले विज्ञप्तिमार्फत जानकारी गराएको छ। बेपत्ताको खोजीमा सहयोग गरिदिनसमेत विभागले विज्ञप्तिमार्फत अनुरोध गरेको छ। *रासस*

# 'बुद्ध शिक्षाले सद्भाव फैलाउन मद्दत पुऱ्याउँछ'



**लुम्बिनी (प्रस)**– प्रधानमन्त्री पुष्पकमल दाहालले गौतम बुद्धको शिक्षामा विश्वास गरे व्यक्ति, समुदाय र राष्ट्रहरूबीच रहेका विवाद समाधान गर्न र सद्भाव फैलाउन मद्दत पुग्ने बताएको छन्। २५६८औं बुद्धजयन्तीको पूर्वसन्ध्यामा बुधबार आयोजित चित्रकला प्रदर्शनी कार्यक्रममा प्रधानमन्त्री दाहालले बुद्धका शाश्वत वाणी विश्वमा झनै सान्दर्भिक हुँदै गएको बताए। 'बुद्धको शाश्वत अहिंसा, करुणा र आन्तरिक शान्तिको सन्देश आजको विश्वमा झन् सान्दर्भिक भएको छ,' प्रधानमन्त्री दाहालले भने, 'म विश्वस्त छु, बुद्धको शिक्षाको विश्वासपूर्ण अनुशरणले व्यक्ति, समुदाय र राष्ट्रहरूबीच विवाद समाधान गर्न र सद्भाव फैलाउन मद्दत गर्ने छ।'

लुम्बिनी आउँदा आफूलाई सधैं खुसी अनुभूत हुने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले लुम्बिनीले विश्वका सम्पूर्ण मानवका लागि शान्तिको केन्द्रका रूपमा ऐतिहासिक र सांस्कृतिक महत्त्व राख्ने बताए। उनले भने, 'नेपाल सरकारले लुम्बिनीलाई धार्मिक, सांस्कृतिक, ऐतिहासिकस्थलका रूपमा मात्र नभई बुद्ध धर्मको स्रोत, शिक्षा र बौद्धिक खोजको केन्द्रका रूपमा विकास गर्ने प्रतिबद्धता पटक-पटक व्यक्त गरेको छ।'

सांस्कृतिक सम्पदाको प्रदर्शनका लागि गरिएका अथक प्रयासहरूप्रति धन्यवाद व्यक्त गर्दै प्रधानमन्त्री दाहालले विशिष्ट कलाकारहरूको सिर्जनशीलता र जोश प्रेरणादायी भएको बताए। नेपाल-भारत सम्बन्धको सन्दर्भमा सांस्कृतिक आयामले विशेष स्थान ओगटेको बताउँदै उनले दुई देशका जनतालाई प्राचीनकालदेखि नै सांस्कृतिक आयामले नजिक राखेको उल्लेख गरे।

'हाम्रो सांस्कृतिक सम्पदा गर्वको स्रोत मात्र होइन,' प्रधानमन्त्री दाहालले भने, 'यो ज्ञान, मूल्य र परम्पराहरूको खजाना हो, जसले हाम्रो जीवनलाई समृद्ध बनाउँछ र हाम्रो पहिचानलाई आकार दिन्छ।'

परस्पर समझदारी, विश्वास, सम्मान र सहयोगले नेपाल-भारत प्राचीनकालदेखि चलेको बहुआयामिक सम्बन्धलाई परिभाषित गर्ने बताउँदै प्रधानमन्त्री दाहालले भौगोलिक निकटता र विभिन्न तहमा बढ्दो क्रस-सेक्टोरल र बहुपक्षीय संलग्नताद्वारा अझ बलियो बनाइएको स्पष्ट पारे। 'हाम्रा जनताको आकांक्षाअनुसार नेपाल-भारत सम्बन्धलाई अझ सुदृढ बनाउन नेपाल सरकार पूर्ण प्रतिबद्ध छ,' प्रधानमन्त्री दाहालले भने, 'उपलब्ध अवसरहरूका सन्दर्भमा विभिन्न क्षेत्रमा अर्थपूर्ण साझेदारीका लागि बदलिँदो वास्तविकता र अवसरहरूलाई ध्यान दिनुपर्ने छ।'

# 'हिमाली पारिस्थितिकीय प्रणाली संवेदनशील'

**काठमाडौं**– जलवायु विषयका जानकारहरूले हिमाली पारिस्थितिकीय प्रणाली हालैका वर्षहरूमा जलवायु परिवर्तनका प्रभावप्रति विशेषरूपमा संवेदनशील रहेको उल्लेख गरेका छन्। बुधबारदेखि यहाँ सुरु भएको 'हिमाल, मानव र जलवायु परिवर्तन: विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवाद'को पहिलो सत्रका वक्ताहरूले अन्य स्थलीय बासस्थानभन्दा हिमालमा छिटो दरमा जलवायुका कारण प्रभावित भइरहेका तथ्य पेस गरे।

उक्त सत्रमा बंगलादेशका वातावरण, वन तथा जलवायु परिवर्तनमन्त्री सबर हुसैन चौधरी, संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिक र प्राविधिक सल्लाहाका लागि सहायक निकाय (साब्टा) का अध्यक्ष हचारी भिरेउ, किर्गिस्थानका पर्वतीय मुद्दाहरूमा राष्ट्रपतिका पूर्वविशेष दूत नुर्लान आइटमुजाइभ र नेपालका लागि अस्ट्रेलियन राजदूत फेलिसिटी भोल्कले आ-आफ्ना धारणा राखेका थिए। यसैगरी यस सत्रमा उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ मुख्य वक्ताका रूपमा थिए। यस सत्रको सञ्चालन जलवायुविज्ञ मन्जित ढकालले गरेका थिए।


## यु.एन. केक्स (प्रा.लि.) (लिक्वीडेशन) सम्बन्धमा

### हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०७५।०६।०७ मा दर्ता भएको प्रा.लि.नं. १९९२९१ को **यु.एन. केक्स** (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मितिः २०८०।१२।२१ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्वीडेटर**
**श्री शेर वहादुर रोकाया**
**इजाजत पत्र नं. २८७**
**फोनः ९८५११६३७२३**

## शिलवन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावार लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०२/१०**

यस बंका सा.व.उ.स. दुधौली नगरपालिका-०१ सिन्धुलीको स्वीकृत वन व्यवस्थापन कार्ययोजना २०८०/०८१ अनुसार डिभिजन वन कार्यालय सिन्धुलीको वन पैदावर संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा मध्ये समूहको आन्तरिक खपत भई बाकी रहेको गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय च.नं. १९८० मिति २०८१/०२/०४ को बाहिय लिलाम सहमति बमोजिम समुहको घाटगद्धीमा रहेको विभिन्न ग्रेडका साल जातको गोलिया थान १५ को ९११.९२ क्यूफिट काठलाई हाल जे जस्तो अवस्थामा छ। सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएको ले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। विस्तृत पुर्ण व्यहोराको सूचना तथा जानकारीको लागि सामुदायको कार्यालयमा सूचना टाँस गरिएको छ।

**बंका सा.व.उ.स.**
**दुधौली न.पा.-०१ सिन्धुली**

## प्रोभिडेन्ट मर्चेन्ट बैकिङ्ग लिमिटेडको

### संस्थापक शेयर बिक्री गर्न विद्यमान संस्थापकहरुलाई ३५ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

**बोलपत्र पेश गर्ने शुरु मितिः २०८१/०२/११**
**बोलपत्र पेश गर्ने पर्ने अन्तिम मितिः २०८१/०३/१३**

यस प्रोभिडेन्ट मर्चेन्ट बैंकिङ्ग लिमिटेडको २,७४,५९६ कित्ता संस्थापक शेयर बोलकबोलमार्फत बिक्री गर्न प्रचलित कानून तथा नेपाल धितोपत्र बोर्ड सम्बन्धी ऐनको अधिनमा रही विद्यमान संस्थापकलाई नै पहिलो प्राथामिकता दिनुपर्ने प्रावधान बमोजिम यस कम्पनीका विद्यमान संस्थापक शेयरधनीहरूलाई शेयर खरिद गरि लिन इच्छा भएमा आफूले लिन चाहेको संस्थापक शेयरको संख्या र सोबापतको रकम यस कम्पनीका नाममा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, शाखा कार्यालय नयाँबानेश्वर काठमाडौमा रहेको खाता नं ०२८०१०३०२५४८९२ मा रकम जम्मा भएको सक्कल भौचर संलग्न गरी मिति २०८१/०३/१३ भित्र यस कम्पनीको कर्पोरेट कार्यालय नयाँबानेश्वर काठमाडौमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको छ। तोकिएको मितिभित्र विद्यमान संस्थापक शेयरधनीबाट सम्पूर्ण शेयरहरू खरिदको लागि आवेदन प्राप्त नभएमा प्रचलित कानुनबमोजिम अन्य व्यक्ति वा संस्थालाई बिक्रि गर्ने कार्य अघि बढाइने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

PROVIDENT MERCHANT BANKING LTD For Wealth and Happiness
**प्रोभिडेन्ट मर्चेन्ट बैकिङ्ग लिमिटेड**
डि & सी बिल्डिङ्ग, नयाँ वानेश्वर, काठमाडौं
फोन नं ०१-५१४७०५७,०१-४५५३४५०
Email: info@provident.om.np



## माईग्रेसन हराएको सूचना

मितिः २०८०/०९/२६ गते नयाँ बानेश्वरदेखि काँडाघारीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम : निश्चल अधिकारी**
**रजिस्ट्रेसन.नं.:** ७१७६१९१८३
**सिम्बोल.नं.:** २७६०४२१३
**ठेगाना.: कठजोर-७, रामेछाप**
**सम्पर्कः** ९८४३७५५९८२

## माईग्रेसन हराएको सूचना

मितिः २०८१/०१/०५ गते जमलदेखि रत्नपार्कसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम : अनुसुया चन्द**
**रजिस्ट्रेसन.नं.:** ७८३२७४०८००३५
**सिम्बोल.नं.:** ९७९०००१९
**ठेगाना.: काठमाडौं-१६, बालाजु**
**सम्पर्कः** ९८१३०३४४००

## मोटरसाइकल हराएको सूचना

मिति २०८१/०२/०३ गते का.जि.क.म.न.पा-२८, भृकुटीमण्डप गेट स्थित पार्किङ गरिराखेको अवस्थामा साँझको अन्दाजी ५ बजेको समयमा NS Pulsar 200 CC Silver रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला।

**कम्पनीको नाम : हुलास फाईनान्स सर्भिस लि.**
**ऋणीको नाम : बिष्णु खत्री क्षेत्री**
**बाइक नं.: बा .प्र.०२-०५० प ०८१२**
**च्यासिस नं.: MD2A36FX8MCH97747**
**इन्जिन नं. : JLXCMH25034**
**ठेगानाः तारकेश्वर -१, काठमाडौं**
**सम्पर्कः ९८५१२२८८७०**



## शम्भुनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कठौना, सप्तरी
### मधेस प्रदेश, नेपाल

### नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

### स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरू**





क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं।
घ) पूरा बाउला भएको कपडा लगाऔं।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु।**



क) नियमित स्वास्थ्य जाँच गरौं।
ख) पोषणयुक्त खानेकुरा खाऔं / खुवाऔं।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं।
घ) गर्भवती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, दृष्वतजष्लन ऋभलतचभ वा प्रसुती गृहमा जाऔं।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**



क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं।

**(४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं।**




क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं।



## Free Visa!! Free Ticket!!
## कतारमा निः शुल्क वैदेशिक रोजगारको अवसर

कम्पनी : CITY CENTRE ROTANA DOHA
पूर्व स्वीकृति मिति २०७९/०८/०६ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०९ LT. No. 276218 चलानी नं. ६०१९१७४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 5 | 2 | 1550 | ५६,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १० गते (23rd May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्कः निःशुल्क/-

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

VISION & VALUE
श्रम ईजाजत नं. ८२२/०६६/०६७

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194839, 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES
पुर्व स्वीकृति मिति २०८०/१२/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ LT. No. 303173 चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI 1
पुर्व स्वीकृति मिति २०७९/०३/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ LT. No. 266794 चलानी नं. ६०१८२७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 75 | 0 | 2000 | ७२,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAWARID SERVICES COMPANY LLC
पुर्व स्वीकृति मिति २०८०/०८/२४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ LT. No. 296251 चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALABAAD ALKHAMSAH SECURITY SERVICES
पुर्व स्वीकृति मिति २०८०/०४/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ LT. No. 290613 चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 49 | 17 | 1200 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. ३५७/०६०/०६१

**Future Star Manpower Pvt. Ltd.**
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

# 'लू' सम्बन्धी प्रतिकार्य योजना तयार

**काठमाडौं–** सरकारले गर्मी बढेसँगै द्रुत गतिमा तातो हावाको लहर अर्थात् 'लू' सम्बन्धी जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना निर्माण गरी लागू गरेको छ ।

'लू' सम्बन्धी पहिलोपटक प्रतिकार्य योजना निर्माण गरी बुधबारदेखि नै लागू गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिए । मंगलबार प्रतिकार्य योजनाले पूर्णता पाएको हो । प्रतिकार्य योजनामा विपद् भइहालेमा स्थानीय पालिकाबाट तत्काल औषधिसहितको स्वास्थ्यकर्मीको टोली परिचालन हुनेगरी 'एक्सन टिम' तयार पार्नेदेखि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नेसम्मका विषय समावेश गरिएको उनले बताए ।

अहिलेसम्म लूका विषयमा खास पूर्वतयारीका काम हुन नसकिरहेका बेला यसपालि प्रतिकार्ययोजना नै तयार पारी लागू गरिएको हो । प्रमुख कार्यकारी अधिकृत पोखरेलका अनुसार जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तह तथा स्वास्थ्य कार्यालयलाई बढी जिम्मेवार हुनेगरी कार्ययोजना तयार पारिएको छ ।

उक्त कार्ययोजनामा जिल्लास्तरमा विपद् संवाद सञ्चालन गर्ने, लूबाट बच्ने उपाएका सम्बन्धमा प्रचारप्रसार गर्ने, हेल्थ डेस्क स्थापना गरेर पानी, जीवनजल, सर्वतपानी वितरण गर्ने, प्राथमिक उपचारका लागि स्थानीय स्वास्थ्य संस्थालाई तयारीमा राख्ने, भीडभाड नियन्त्रण गर्ने, दिउँसोमा धेरै हिँड्डुल नगर्न सचेत गराउने, कार्यस्थलमा शीतल हुने सुविधा उपलब्ध गराउने, यातायातमा सिट क्षमताअनुसार मात्रै यात्रु राख्न लगाउने, पंखाको व्यवस्था मिलाउने, बिहान-बेलुका काम गर्ने वातावरण सिर्जना गर्नेलगायत रहेका छन् ।

यस्तै, प्रतिकार्य योजनामा लूसम्बन्धी जल तथा मौसम विज्ञान विभागबाट जारी सूचना पालिका तहसम्म पुऱ्याउने रहेको छ । प्रमुख कार्यकारी अधिकृत पोखरेलका अनुसार प्राधिकरणका नीति योजना तथा अनुगमन महाशाखाका प्रमुख सहसचिव भरतमणि पाण्डेको नेतृत्वको टोलीले उक्त प्रतिकार्ययोजना तयार गरेको हो । यही योजनाअनुसार हरेक जिल्लामा कार्य गर्ने गरी मन्त्रालयले आवश्यक निर्देशन दिएको उनले बताए ।

अहिलेसम्म नेपालमा तातो हावाको लहर र यसबाट बच्ने उपायका विषयमा ठोस कदम चालिएको छैन । रेडक्रसले नेपालगञ्जमा केही कार्यक्रम सुरु गरेको भए पनि सरकारी तहबाट काम हुन नसकिरहेका बेला अब भने व्यवस्थितरूपमा कार्य गर्ने गरी कार्य योजना निर्माण गरेर काम अघि बढाइएको छ । प्रमुख कार्यकारी अधिकृत पोखरेलले तातो हावाको लहरले प्रत्यक्षभन्दा अप्रत्यक्ष रूपमा बढी क्षति पुऱ्याउने बताए । नेपालमा वार्षिक ०.०५२ प्रतिशतले अधिकतम तापक्रम बढिरहेको छ । न्यूनतम तापक्रम पनि ०.००२ प्रतिशतले वृद्धि भइरहेको मौसमविद्हरूले बताएका छन् ।

नेपालको तराईका २२ जिल्ला तातो हावाको लहरबाट बढी प्रभावित छन् । यसपालि गर्मी बढ्ने र वर्षा पनि बढी हुने आँकलन जल तथा मौसम विज्ञान विभागले सार्वजनिक गरेको छ । त्यसैले गर्मीबाट नागरिकको ज्यान बचाउन र जनजीवन प्रभाविन हुन नदिन प्रतिकार्ययोजना निर्माण गरी लागू गर्न लागिएको हो ।

## 'लू'बाट नागरिकलाई जोगाउन गृहको परिपत्र

यसैबीच गृह मन्त्रालयले तातो हावाको लहर (लू)बाट नागरिकलाई जोगाउनका लागि आवश्यक तयारीमा जुट्न तराई-मधेसका जिल्ला प्रशासन तथा अन्य सम्बद्ध निकायहरूमा परिपत्र गरेको छ । मन्त्रालयले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत सबै जिल्लाहरूमा परिपत्र गर्दै लूबाट जोगाउने उपायका बारेमा सर्वसाधारणमा सचेतना फैलाउन निर्देशन दिएको हो । प्राधिकरणका नीति, योजना तथा अनुगमन महाशाखा प्रमुख, सहसचिव भरतमणि पाण्डेका अनुसार गर्मी हुने जिल्लाहरूका लागि मंगलबार साँझ नै परिपत्र पठाइसकिएको जानकारी दिए ।

उनले लूसम्बन्धी सन्देश उत्पादन र प्रसारणबारे तराई-मधेसका जिल्ला प्रशासन कार्यालयहरूलाई आवश्यक निर्देशन दिइएको बताए । परिपत्रमा सचेतनामूलक सामग्री उत्पादन गरी आफ्ना आधिकारिक वेबसाइट एवं सामाजिक सञ्जालमार्फत प्रकाशन र प्रसारण गर्न, उपयुक्त सन्देशको उत्पादन र प्रसारणमा स्थानीय एफएम र टेलिभिजनसँग सहकार्य गर्न, रेडियो, टेलिभिजनको सामाजिक सञ्जाल वा अनलाइनमार्फत पनि प्रचारप्रसारमा जोड दिन भनिएको छ ।

सन्देश बनाउँदा स्थानीय भाषा, स्थानीय कलाकार, स्थानीय लवज, स्थानीय पहिरन तथा आधिकारिक निकायका व्यक्तिलाई प्रयोग गर्न पनि भनिएको छ । एउटा सन्देश रेडियोको हकमा एक मिनेट र भिडियो हो भने दुई मिनेटभन्दा लामो नबनाउन, स्थानीय परिवेशअनुसार महत्त्वपूर्ण लागेका सन्देश धेरै जनालाई माध्यम बनाएर उत्पादन र प्रसारण गर्न, विपद् व्यवस्थापनमा काम गर्ने सरकारी र गैरसरकारी संस्थाको सहायता लिएर उनीहरू स्वयंको सामाजिक सञ्जाल र प्रसारण माध्यमबाट पनि प्रचारप्रसार गर्न लगाउन पनि निर्देशन गरिएको छ ।

स्थानीय सञ्चारमाध्यममा दैनिक/साप्ताहिक/अर्धमासिक रूपमा बनाइरहेका कार्यक्रममा यी सन्देश प्रसारण गर्ने व्यवस्था मिलाउन पनि सबै जिल्लालाई परिपत्र पठाइएको प्राधिकरणले जनाएको छ ।

# बुद्ध जयन्ती र उभौली पर्व मनाइँदै

**काठमाडौं (प्रस)–** शान्तिका अग्रदूतका रूपमा विश्वमा परिचित सिद्धार्थ गौतमबुद्धको २५६८ औं जयन्ती आज पूजा, आराधना, प्रवचन एवं विभिन्न कार्यक्रम गरी मनाइँदै छ । प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्ध जयन्ती मनाइन्छ ।

सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुऱ्याएको योगदानको स्मरण स्वरूप यो पर्व मनाउने गरिएको हो । बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मृत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्दछन् । 'अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो' यस्ता अनेकौं कालजयी सन्देशका वाहक भगवान् गौतम बुद्धको २५६८ औं जयन्ती शान्तिको कामना गर्दै आज देशभर मनाउन लागिएको हो । बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहारलगायत स्थलमा लामा एवं बौद्ध धर्मगुरु बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि पूरा गरिन्छ । आम मानिसलाई बेलुकी घरमा दीपावली गरेर बुद्ध जयन्ती मनाउन सरकारले आह्वान गरेको छ ।

यस अवसरमा लुम्बिनी, स्वयम्भू, बौद्धलगायत स्थलमा विविध कार्यक्रम आयोजना गरी बुद्ध जयन्ती मनाउने परम्परा छ । इसापूर्व ५६३ अर्थात् आजभन्दा २५६८ वर्षअघि रूपन्देही जिल्लास्थित लुम्बिनी उद्यानमा पिता राजा शुद्धोधन र माता मायादेवीको गर्भबाट वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमको जन्म भएको थियो । राजकुमारका रूपमा जन्म लिएका सिद्धार्थ गौतम मानिसले पाएका दुःख देखेर चिन्तित बने । २९ वर्षको उमेरमा दरबार छोडी तपस्याका लागि निस्किएका थिए ।

## उँभौली पर्व मनाइँदै

प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन किराँत राई समुदायले मनाउने उँभौली पर्व आज देशभरका भूमेस्थानमा पूजा आराधना गरी मनाइँदै छ । बाली लगाउनुअघि गाउँगाउँमा रहेका भूमेस्थानमा राम्रोसँग काम होस् भनी प्रकृतिको पूजा आराधना गरिने परम्परा रहेको छ ।

गर्मी बढ्ने भएकाले यो समुदायका मानिस बेँसीबाट लेकतिर उँभो लाग्ने भएकाले पनि यसको नाम उँभौली रहेको हो । वैशाख शुक्ल पूर्णिमादेखि चराचुरुंगीलगायत जंगली जनावर पनि उँभो लाग्ने किराँत समुदायको विश्वास छ । नदीमा माछा पनि गर्मीबाट बच्न बेँसीको नदीबाट लेकतिर लाग्छन् भन्ने भनाइ छ ।

प्रदेश सरकार
खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
सुनसरी, कोशी प्रदेश, नेपाल

जनहितमा जारी सन्देश

- सिंचाइ प्रणालीको विकास र विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरौं । सबै प्रकारका पानीका स्रोत, मुहान, कुलो, पैनी नहर आदिको संरक्षण र सम्बर्द्धन गरी आकासे पानीबाट संकलित पोखरी, भूमिगत लिफ्ट, सतह आदि सिंचाइ प्रणाली मार्फत पानीका थोपा-थोपालाई कृषिमा प्रयोग गरौं । सडक पूर्वाधारजस्ता अन्य भौतिक संरचना निर्माण गर्दा कुलो पैनी नहरको संरचनामा क्षति नपुर्याऔं, क्षति पुगेमा क्षति पुस्याउने निकायबाटै तत्कात मर्मत संभार गराऔं ।
- आधुनिक प्रविधि र उन्नत जातका विउविजनको प्रयोग, वालीमा विविधीकरण र परिवर्तन तथा नगदे बालीलाई प्राथमिकता दिई परम्परागत कृषि पेशाबाट आधुनिक व्यावसायिक र भरपर्दो पेशामा रुपान्तरित भई स्वदेशमै समुन्नत भविष्य निर्माण गरौं । अर्गानिक कृषि उत्पादनमा जोड दिई मानव स्वास्थ्यप्रति संवेदनशील बनौं ।
- वर्षाको समयमा बाढी पहिरो तथा कटान जस्ता जल उत्पन्न प्रकोप आउन सक्ने भएकाले नदीको प्राकृतिक बहावलाई अबरोध पुर्याइ किनाराहरु अतिक्रमण गरेर सम्भावित कटान, पहिरो जस्ता जोखिम युक्त क्षेत्रमा संरचना निर्माण गरी वसोवास नगरौं। नदी कटान, पहिरो रोकथाम तथा माटोको संरक्षणका लागि बनाइएका संरचनाहरुको सम्भार र संरक्षण गरौं । जलवायु परिवर्तनप्रति सचेत रहौं । वर्षाको पूर्व जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको www.hydrology.gov.np वेबसाइटको सूचनाहरुबाट सु-सूचित रहौं ।

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रेपलाञ्चोक
फोन नं. ०११४१२११३

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०२।१०)

यस नगरपालिकाको निम्न मितिका सूचना बमोजिम यस नगरपालिका भित्र रहेका तपसिल बमोजिमको योजनाको निर्माण कार्यको लागि अनलाइन मार्फत प्राप्त बोलपत्रहरुको प्राविधिक र आर्थिक प्रस्ताव मूल्यांकन गरि सारभूतरुपमा प्रभावग्राही रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिलका योजनाको लागि तपसिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्य न | सूचना मिति | प्राविधिक प्रस्ताव खोलिएको मिति | योजनाको नाम | प्रस्तावदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|
| 32/Works/SQ/ MDM/080/81 | २०८१/०१/१८ | २०८१/०२/०९ | Shit Bhandar Nirman Karyakaram | Radha Krishna Tradelink Pvt.Ltd | रु १४,५९,१६९.०० (चौध लाख उनान्साठी हजार एक सय उनान्सत्तरी रुपैया मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

कुवेत/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OBJECT ADVERTISING COMPANY
पूर्व स्वीकृति मिति २०८१/०२/०४ LT. No. 304978 चलानी नं. ६०२१९८४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Printer | 2 | 0 | 200 | ८६,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PRIVILEGE TRANSACTION PERSONALIZATION SERVICES
पूर्व स्वीकृति मिति २०८१/०२/०६ LT. No. 305047 चलानी नं. ६०२१९८४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ground Steward | 0 | 4 | 1300 | ४७,५९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 0 | 2 | 1300 | ४७,५९५ | | | | | | | |
| 3 | Labour Service | 0 | 3 | 1300 | ४७,५९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १७ गते (30th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.
श्रम ईजाजत नं.८०१/०६५/०६६
Samakhusi-26, Town Planning, Kathmandu, Nepal Tel: +977-01-4385025
Mobile: +9779813894052, +9779845198993, E-mail : swifthrgroup@gmail.com

कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-TAYAB UNITED FOR BULDING & RAOAD RAOAD CONTRACTING CO.
पुर्व स्वीकृति मिति २०८०/०५/१३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०९ LT. No.291788 चलानी नं. ६०२०६९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 25 | 0 | 100 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १७ गते (30th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAMPAANATA OVERSEAS PVT. LTD.
Govt. License 1579/079/080
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com,
info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com

बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOLE CORP WLL
पूर्व स्वीकृति मिति २०८१/०२/०६ LT. No. 305041 चलानी नं. ६०२१९८४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 5 | 150 | ५३,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners | 5 | 0 | 120 | ४२,४६० | | | | | | | |
| 3 | Comis. Cook III | 5 | 0 | 140 | ४९,५३५ | | | | | | | |
| 4 | Kitchen Helper | 5 | 0 | 130 | ४६,000 | | | | | | | |
| 5 | Light Driver | 5 | 0 | 150 | ५३,०७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १७ गते (30th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Govt. License 387/059/060
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal
Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com
Website: www.paradeshioverseas.com.np

कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL OULA STEEL MANUFACTURING
पूर्व स्वीकृति मिति : २०८१/०२/०९ LT. No. 305101 चलानी नं. ६०२१९८४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dispatcher | 2 | 0 | 150 | ६५,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrical Engineer | 1 | 0 | 430 | १८६,७८५ | | | | | | | |
| 3 | Electrician | 2 | 0 | 180 | ७८,१९० | | | | | | | |
| 4 | Fitter | 1 | 0 | 210 | ९१,२२० | | | | | | | |
| 5 | Forklift Operator | 1 | 0 | 210 | ९१,२२० | | | | | | | |
| 6 | Furnace Helper | 1 | 0 | 110 | ४७,७८० | | | | | | | |
| 7 | Helper | 5 | 0 | 110 | ४७,७८० | | | | | | | |
| 8 | Helper Bar Counter | 2 | 0 | 110 | ४७,७८० | | | | | | | |
| 9 | Helper Bar Seperator | 3 | 0 | 110 | ४७,७८० | | | | | | | |
| 10 | Helper Dispatching | 3 | 0 | 110 | ४७,७८० | | | | | | | |
| 11 | Mill Helper | 2 | 0 | 110 | ४७,७८० | | | | | | | |
| 12 | Qc Supervisor | 2 | 0 | 250 | १०८,५९५ | | | | | | | |
| 13 | Safety Officer | 5 | 0 | 350 | १५२,०३५ | | | | | | | |
| 14 | Security Guard | 15 | 0 | 150 | ६५,१५५ | | | | | | | |
| 15 | Shift Leader | 1 | 0 | 550 | २३८,९१० | | | | | | | |
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

प्रभाव दैनिक




## १२औं नेपाल अफ्रिका फिल्म फेस्टिभल–२०२४ असारमा

१२औं 'नेपाल अफ्रिका फिल्म फेस्टिभल–२०२४' असारमा आयोजना हुने भएको छ । असारको ७ गतेदेखि ८ गतेसम्म तीन दिन चल्ने फेष्टिभलमा दर्जन फिल्म प्रदर्शन हुनेछ । कलेज अफ जर्नालिजम एन्ड मास कम्युनिकेसन र विलक्षण क्रियसनको आयोजना तथा चलचित्र विकास बोर्डको सहआयोजना रहेको महोत्सवको तयारी अन्तिम चरणमा पुगेको आयोजक कलेज अफ जर्नालिजम एन्ड मास कम्युनिकेसनकी प्रिन्सिपल डा.मञ्जु मिश्रले जानकारी दिइन् । महोत्सवका लागि यसपटक १५ भन्दा बढी अफ्रिकी मुलुकका चार दर्जन भन्दा बढी अफ्रिकन चलचित्र, लघु चलचित्र तथा वृत्तचित्र समावेश छन् । यी मध्य बढीमा एक दर्जन अफ्रिकी चलचित्रलाई समावेश गराइने छ ।

12th Nepal Africa Film Festival (NAFF) 2024
Africa Through African Lens
21-23 June 2024, Kathmandu

बिहीबार १०, जेठ २०८१ (Thursday, May 23, 2024)

# नेपाली नाटक 'गुलाफ' नर्वेमा मञ्चन हुँदै



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली नाटक 'गुलाफ' नर्वेको राजधानी ओस्लोमा मञ्चन हुँदैछ । अंग्रेजीमा 'द रोजः एन अवेकनिङ जर्नी अफ यशोधरा' नाम दिइएको नाटक ओस्लोको थिएटर मनुमा यही बिहिबारदेखि तीन दिन नियमित मञ्चन हुन लागेको हो ।

राम हरि ढकालको परिकल्पना, डिजाइन र निर्देशन रहेको नाटक मञ्चनका लागि नेपाली कलाकारको टोली ओस्लो पुगेर तयारीमा व्यस्त छन् । टोलीका कलाकारहरू दिया मास्के, सरित साह, देव न्यौपाने, केदार श्रेष्ठ र उमेश तामाङ नर्वे पुगेका हुन् । निर्देशक ढकालले नेपाली टोलीलाई ओस्लोमा स्वागत गरेका थिए ।

नर्वे सरकारको कला र संस्कृति सम्बन्धि संस्था 'आर्ट एण्ड कल्चर नर्वे'को सहयोगमा तथा नोर्डिक कल्चर फण्ड र फुक नो नर्वेको साथमा नाटक 'द रोज'को मञ्चन हुन लागेको हो । नाटकको नर्वे मञ्चनमा नर्वेलीहरू र नर्वेमा रहेका नेपालीहरू दुवैलाई लक्षित गरेर मञ्चन गरिन लागेको हो । यस नाटक थिएटरको 'फिजिकल थिएटर' विधामा रहेर तयार पारिएको छ जसमा संवाद छैन तर दृश्यहरूले कथा बोल्नेछ । सिद्धार्थ गौतमले आफ्ना प्रश्नहरूको उत्तरको खोजीमा नवजात शिशु राहुल, श्रीमती यशोधरा र राज्य त्याग गरेर गएपछि यशोधरामा परेको मानसिक उतारचढावलाई 'गुलाफ'ले आफ्नो विषय बनाएको छ । त्यस चरम पीडा र बिछोडको कारणले राजकुमार सिद्धार्थकी पत्नी यशोधराभित्र सिर्जित भावनाहरू, विकारहरू र त्यसले पारेको प्रभाव र परिवर्तनहरू नै यो नाट्य प्रस्तुतिको मूल विषय हो । यसमा यशोधराको पीडादेखि जागरणसम्मको आन्तरिक भावनात्मक यात्रालाई शारीरिक भावभङ्गीमार्फत उजागर गर्ने कोशिस गरिएको छ ।

यस नाटकको दर्शक संयोजन पनि विशेष रहेको छ । 'द रोज'को मञ्च नाटकघरको बीचमा तयार पारिएको छ । जसमा मञ्चको चारैतिरबाट दर्शकले अवलोकन गर्न सक्नेछन् । नाटक हेर्न एक शोमा बढीमा ६४ जनाले मात्र प्रवेश पाउनेछन् ।यस नाटकको गएको पुसमा ठेट्ना आर्ट्सको प्रस्तुतिमा काठमाडौंको मण्डला नाटकघरमा विश्व प्रिमियर गर्दै १४ वटा नियमित मञ्चन भएको थियो ।

# प्रवीणलाई 'क्लासी मोडल युनिभर्स'को उपाधि

**काठमाडौं (प्रस)–** इन्डोनेसियाको बालिमा आयोजना भएको अन्तर्राष्ट्रिय मोडलिङ प्रतियोगिता 'क्लासी मोडल इन्टरनेशनल २०२४'मा नेपालका प्रवीण पाठकले 'क्लासी मोडल युनिभर्स'को उपाधि हात पारेका छन् । प्रतियोगीतामा पुरुष तर्फको उपाधि पाठकले जित्दा महिला तर्फका 'क्लासी मोडल युनिभर्स' श्रीलंकाले हात पारेको थियो ।

बिभिन्न २० भन्दा बढी देशको सहभागीता रहेको प्रतियोगीतामा पाठकले मोष्टपपुलर र बेष्ट इन सेमी फरमल उपाधि समेत हात पारेका छन् ।

१५ देखि १९ मेसम्म आयोजना भएको प्रतियोगीता उनी नेपालको एक्लो सहभागी थिए । 'मिस्टर नेपाल २०२३' को उत्कृष्ट १० भित्र पर्न सफल उनी नेपालको एक्लो प्रतिनिधित्व हुन् ।

२९ बर्षका दमक झापा निवासी पाठकले मिष्टर नेपालको अलवा अन्य बिभिन्न प्रतियोगीतामा पनि सहभागी भएका छन् । पाठम पुर्वाञ्चल माबि दमकका निर्देशक हुन् । कार्यक्रममा पाठकले नेपाली बिभिन्न कलासंस्कृति सहितको बिभिन्न प्रस्तुति दिएका थिए ।







# छिरिङ शेर्पा सगरमाथामा

■ प्रभाव संवाददाता

**काठमाडौं–** कलाकार छिरिङ शेर्पाले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेकी छिन् । मोडल तथा कलाकार शेर्पाले आइतबार सगरमाथाको चुचुरोमा पुगी त्यहाँ आफ्नो आगामी चलचित्र 'टासिदेलेक'को पहिलो पोष्टरसहित विभिन्न सङ्घसंस्थाका झण्डा पनि फहराएकी थिइन् ।

सगरमाथाको सफल आरोहणपछि उनले जलवायु परिवर्तनबाट हिमाली भू-भागमा परेको असरलाई न्यूनीकरण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा आवाज उठाउनुपर्ने बताइन् । सामाजिक सञ्जालमार्फत आरोहणको सन्देश दिँदै शेर्पाले राज्यले सगरमाथाको आरोहणबाट प्राप्त गरेको आम्दानीको केही हिस्सा हिमाली भेगको विकासका क्षेत्रमा लगाउनुपर्नेमा जोड दिइन् ।

सो सन्देशमा उनले शेर्पा समुदायलाई हिमाल आरोहीका रूपमा मात्र व्याख्या नगरी उनीहरूलाई राज्यका हरेक संयन्त्रमा जोडिन सक्ने वातावरण सिर्जना गर्न पनि माग गरिन् । शेर्पाले यसै पनि भौगोलिकरूपमा विकट मानिएको हिमाली क्षेत्रलाई राज्यले विशेष प्राथमिकतामा राखेर योजना बनाइनुपर्ने भन्दै हिमाल आरोहीलाई तत्काल आधुनिक सूचना प्राप्त गर्नसक्ने संयन्त्र निर्माण गर्नुपर्नेमा जोड दिइन् ।

सन्देशमा कलाकार शेर्पाले हिमाली क्षेत्रको भाषा, कला, संस्कृति, रीतिरिवाज र चाडपर्वलाई जगेर्ना गरी राष्ट्रियस्तरमा यसको प्रवर्द्धन गर्नुपर्ने तथा सगरमाथा आरोहणमा देखिएका चुनौती र चापलाई व्यवस्थित र मर्यादित बनाउन पहल गर्नुपर्ने उल्लेख गरिन् ।

## रंगशाला

# सन्दीपलाई अमेरिकाले दिएन भिसा

■ प्रभाव संवाददाता

**काठमाडौं–** क्रिकेटर सन्दीप लामिछानेलाई अमेरिकाले भिसा दिन अस्वीकार गरेको छ । विश्वकप खेल्न भिसा आवेदन दिएका सन्दीपलाई अमेरिकाले भिसा दिन अस्वीकार गरेको हो । सन्दीपले सामाजिक सञ्जालमार्फत आफूलाई भिसा दिन अमेरिका दूतावासले अस्वीकार गरेको बताएका छन् । उनले भिसा नपाएपछि सम्पूर्ण शुभेच्छुकसँग माफ समेत मागेका छन् ।

टी–२० विश्वकप अमेरिका र वेस्ट इन्डिजमा हुँदै छ । नेपाली टिम अमेरिका पुगिसकेको छ । नेपाली टिमसँग जोडिन सन्दीपले अमेरिकाको भिसा माग गरेका थिए । तर नेपालस्थित अमेरिकी दूतावासले भिसा दिनलाई अस्वीकार गरेको छ । पछिल्लो समय सन्दीप बलात्कारको मुद्दामा



कानुनी लडाई लडिरहेका थिए । उच्च अदालत पाटनले उनलाई बलात्कारको मुद्दामा सफाइ दिएको थियो । अदालतबाट सफाइ पाएपछि क्यानले उनीमाथिको निलम्बन फुकुवा गरेको थियो । राष्ट्रिय क्रिकेट टिमका महत्त्वपूर्ण सदस्य रहेका सन्दीप नेपाली टिममा समावेश हुन अमेरिका जाने तयारीमा थिए ।

नेपाललाई विश्वकपमा छनोट गराउन महत्त्वपूर्ण भूमिका खेलेका सन्दीपको भिसा अस्वीकार भएसँगै उनी राष्ट्रिय टिमसँग सहभागी हुने विषय अन्यौलता परेको छ ।

**टिप्पणी गर्न सकिँदैनः दूताबास**

नेपालस्थित अमेरिकी दूतावासले अमेरिकी कानुनअनुसार भिसासम्बन्धी अभिलेखहरू गोप्य हुने भएकोले क्रिकेटर सन्दीप लामिछानेको केसबारे टिप्पणी गर्न नसकिने स्पष्ट पारेको छ । टी–२० क्रिकेट विश्वकपका लागि लामिछानेले भिसा आवेदन दिएपनि अस्वीकृत भएको सार्वजनिक भएपछि दूतावासले यस्तो प्रतिक्रिया दिएको हो । अमेरिकामा आयोजित टी–२० विश्वकपमा नेपाली टोलीको सहभागिताबारे आफूहरू अत्यन्तै उत्साहित रहेको बुधबार जारी दूतावासको प्रतिक्रियामा उल्लेख छ ।

# शीर्ष स्थानमा फर्कियो बागमती

■ प्रभाव संवाददाता

**काठमाडौं–** बागमती युवा क्लबले शहीद स्मारक 'सी' डिभिजन लिगको शीर्ष स्थानमा पुनरागमन गरेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्स बुधबार सम्पन्न खेलमा महावीर क्लबलाई ४–० गोल अन्तरले पराजित गर्दै बागमती शीर्ष स्थानमा फर्किएको हो ।

जितसँगै बागमतीले ९ खेलमा २० अंक जोडेको छ । पराजित महावीर समान खेलबाट ९



अंकका साथ ११औं स्थानमा छ । बागमतीको जितमा राज भुसालले २ गोल गरे । यस्तै, दीपेश राई र सिर्जनराज गौतमले १/१ गोल गरे । खेलको ३५औं मिनेटमा दुवै टोली १० खेलाडीमा समेटिए । एक अर्कासँग झगडा गरेपछि रेफ्री प्रतीक घिमिरेले बागमतीका अभिषेक वाइबा लामा र महावीरका सुरज थारुलाई सिधै रातो कार्ड देखाए ।

पहिलो हाफको इज्ज्युरी समयमा दीपेशले गोल गर्दै बागमतीलाई अग्रता दिलाए । ५३औं मिनेटमा सिर्जनले टोलीको अग्रता दोब्बर बनाए । त्यसको तीन मिनेटपछि नै राजले टोलीका लागि तेस्रो गोल गरे । ५७औं मिनेटमा राजले व्यक्तिगत दोस्रो गोल गर्दै बागमतीलाई ४–० को सहज जित दिलाए ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
ग्रामिण सडक सञ्जाल सुधार आयोजना
आयोजना कार्यान्वयन इकाई
कोशी प्रदेश, विराटनागर

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुंगे पुल जस्ता भौतिक संरचनाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

त्यसैले
- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालना गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

# इरानी राष्ट्रपति रायसीको अन्त्येष्टिमा सहभागी हुन दशौं हजार तेहरानमा भेला



**तेहरान–** गत आइतबार हेलिकप्टर दुर्घटनामा दिवंगत भएका इरानी राष्ट्रपति इब्राहिम रायसी र विदेशमन्त्री हुसेन अमिर अब्दुल्लाहियानलगायतको टोलीको अन्त्येष्टि समारोहमा सहभागी हुन दशौं हजार इरानी नागरिक बुधबार तेहरानको सडकमा भेला भएका छन् ।

इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले राष्ट्रपति रायसी, विदेशमन्त्री हुसेन अमिर अब्दुल्लाहियनलगायत हेलिकप्टर दुर्घटनामा मृत्यु भएका सबैका लागि प्रार्थना गर्ने कार्यक्रम रहेको तेहरान विश्वविद्यालय र वरपर रायसीका प्रशंसकहरूले उनको तस्वीर बोकेर भेला भएका इरानी सञ्चारमाध्यमले देखाएका छन् ।

अजरबैजानसँगको सीमामा बाँध परियोजनाको उद्घाटन समारोहमा सहभागी भएपछि उत्तरी इरानको ताब्रीज सहर जाने क्रममा आइतबार उत्तरी इरानको कुहिरोले ढाकेको पहाडमा रायसी सवार हेलिकप्टर दुर्घटनाग्रस्त भएको थियो। सरकारी टेलिभिजनले सोमबार बिहानै रायसीको निधन भएको घोषणा गरेको हो । खामेनीको उत्तराधिकारीका रूपमा सर्वोच्च नेताका रूपमा अपेक्षा गरिएका रायसी ६३ वर्षको थिए ।

राजधानीमा दिवंगत राष्ट्रपति रायसीलाई 'सेवाका सहिद' भनेर प्रशंसा गर्दै ठूलठूला ब्यानर टाँगिएका छन् भने उनीहरूले आफूहरू 'विपन्नका सेवक' नेताको अन्तिम बिदाइमा सरिक हुन उपस्थित भएको जनाएका छन् । विदेशी उच्चपदस्थ अधिकारीसमेतको सहभागिता रहने उक्त जुलुस विश्वविद्यालयबाट निस्केर सहरको मध्यभागमा रहेको विशाल एन्घेलाब स्क्वायरमा जाने योजना रहेको सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।

ताब्रिज सहर र कोम कोमको शिया लिपिक केन्द्रमा हजारौंको संख्यामा कालो पहिरनमा शोक मनाइरहेका मानिसको उपस्थितिमा दिवंगत राष्ट्रपति र उनको भ्रमण दलमा रहेको टोलीको अन्त्येष्टि संस्कार मंगलबारदेखि सुरु भएको हो । तेहरानबाट शवलाई दक्षिण खोरासान प्रान्तमा लगिने छ र त्यसपछि उत्तरपूर्वमा रहेको रायसीको गृहनगर मशादमा लगिने छ, जहाँ आज (बिहीबार) साँझ इमाम रेजा दरगाहमा इस्लामिक परम्पराअनुसार अन्तिम संस्कारपछि उनको अन्त्येष्टि गरिने छ ।

खामेनीले इरानी संविधानअनुसार राष्ट्रपति रायसीको मृत्युपछि उनको सम्मानमा पाँच दिनको राष्ट्रिय शोकको घोषणा गरेका छन् भने ६८ वर्षीय उपराष्ट्रपति मोहम्मद मोख्तरलाई आगामी जुन २८ मा हुने निर्वाचनसम्म कार्यवाहक राष्ट्रपतिको जिम्मेवारी तोकेका छन् । इरानले शीर्ष आणविक वार्ताकार अली बागेरीलाई कार्यवाहक विदेशमन्त्रीको जिम्मेवारी दिएको छ ।

इरानी सशस्त्र बलका प्रमुख मोहम्मद बागेरीले हेलिकप्टर दुर्घटनाको कारणबारे अनुसन्धान गर्न सुरक्षा निकायलाई आदेश दिएका छन् । इरानको आणविक गतिविधिलाई लिएर अमेरिकी प्रतिबन्धका कारण अर्थतन्त्र धराशायी भइरहेका बेला रायसी सन् २०२१ मा उदारवादी हसन रौहानीको स्थानमा राष्ट्रपति निर्वाचित भएका थिए । *रासस/एएफपी*

## गाजामा सहायता आपूर्ति प्रतिबन्ध हटाउन इजरायललाई डब्ल्युएचओ प्रमुखको आग्रह

**जेनेभा–** विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) का प्रमुख टेड्रोस एधानोम गाब्रेयससले इजरायललाई गाजामा चिकित्सा सहायता आपूर्तिमा नाकाबन्दी हटाउन आग्रह गरेका छन् । उनले गाजाको युद्ध क्षेत्रमा करिब ७०० जना गम्भीर बिरामी फसेका बताउँदै चिकित्सा सहायता सामग्रीको अभावलाई तत्काल सम्बोधन गर्न विश्व समुदायको ध्यानाकर्षण गराए ।

इजिप्टबाट गाजामा प्रवेश गर्ने सीमा क्षेत्र दुई हप्तादेखि बन्द हुँदा गाजामा आपत्कालीन स्वास्थ्य आपूर्तिका लागि प्राथमिक पाइपलाइनसमेत काटिएको डब्ल्युएचओका महानिर्देशक गाब्रेयससले जेनेभामा पत्रकार सम्मेलनमा बताएका हुन् । गाजामा कहालीलाग्दो अवस्था रहेको बताउँदै गाजाको अस्पताल परिसर र वरपरका क्षेत्रमा देखिएको तनावले यहाँको चिकित्सा सेवा क्षमतालाई प्रभावित गरेको र बिरामीलाई अस्पतालको पहुँचसम्म पुग्न गाह्रो बनाएको टेड्रोसले उल्लेख गरे ।

उत्तरी गाजामा दुईवटा मात्र अस्पतालहरूले सेवा प्रवाह गरिरहेको तर उक्त सेवा अपुग देखिएकोले स्वास्थ्य सेवाहरू प्रदान गर्ने वातावरण बनाउन सम्बन्धित सबैको ध्यान जानुपर्ने डब्ल्युएचओ प्रमुख गाब्रेयससले बताए । उनले राष्ट्रसंघको स्वास्थ्य निकायले गाजामा थप सहायता प्रवाह नगरी अस्पताल र जनसंख्यालाई जीवन बचाउने सहयोग कायम राख्न नसकेकोमा पनि दुःख व्यक्त गरे । डब्ल्युएचओ र यसका साझेदारहरूले पछिल्लो समयमा अस्पतालमा थोरै मात्रामा इन्धन पुर्‍याउन सफल भएका छन् । *रासस/सिन्ह्वा*

## बंगलादेशको अर्थतन्त्र ५.८२ प्रतिशतले बढ्ने प्रक्षेपण

**ढाका–** चालु आर्थिक वर्ष २०२३ जुलाई-०२४ जुनमा बंगलादेशको अर्थतन्त्र ५.८२ प्रतिशतले बढ्ने अनुमान गरिएको छ । गत आर्थिक वर्षको वृद्धिदर ५.७८ प्रतिशतको तुलनामा कूल गार्हस्थ उत्पादनको यो वृद्धि सामान्य हो भने अन्तर्राष्ट्रिय मुद्रा कोषको ५.७ प्रतिशत र विश्व बैंकको ५.६ प्रतिशतको पूर्वानुमानसँग नजिकको तथ्यांक रहेका समाचार एजेन्सी बिएसएसले सोमबार रिपोर्ट गरेको छ ।

यसैबीच, चालु आर्थिक वर्षको पहिलो सात महिनाको तथ्यांकमा आधारित अनुमानअनुसार प्रतिव्यक्ति आयको पूर्वानुमान अघिल्लो वर्षको दुई हजार ७४९ डलरबाट बढेर चालु आर्थिक वर्षमा दुई हजार ७८४ डलर पुगेको छ। हालको मूल्यमा बंगलादेशको जिडिपी ४५९ अर्ब डलर रहेको छ, जुन अघिल्लो आर्थिक वर्षमा ४५२ अर्ब डलर थियो। तथ्यांकले कृषि र उद्योगमा कमी देखाएको भने सेवामा थोरै वृद्धि भएको देखाएको छ । *रासस/सिन्ह्वा*

### एब्सोल्युट बेसिक सर्जिकल होम (प्रा.लि.) (लिक्वीडेशन) सम्बन्धमा

**हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०७८।०४।०१ मा दर्ता भएको प्रा.लि.नं. २६५६५६ को **एब्सोल्युट बेसिक सर्जिकल होम** (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मितिः २०८०।१२।२१ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर**
**श्री शेर वहादुर रोकाया**
**इजाजत पत्र नं. २८७**
**फोनः ९८५११६३७२३**


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAMLAT AL BATIN GENERAL CLEANING & MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८१/०२/०९ | LT. No. 305072 | चलानी नं. ६०२१९८६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER MALE | 91 | 0 | 800 | २९,०३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १७ र १८ गते (30 & 31th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653

Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAYAR FACILITIES MANAGEMENT LLC

पूर्व स्वीकृति मिति २०८०/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०९ | LT. No. 291927 | चलानी नं. ६०२०७१३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 100 | 0 | 900 | ३२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १७ गते (30th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL GATE WAY OVERSEAS PVT.LTD. Govt. License 759/064/065

Basundhara, Kathmandu, Nepal, Tel.- +977-1-4360924, 4360853, Fax: 4361050



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL QANDEEL CONTRACTING CO.L L C

पूर्व स्वीकृति मिति : २०८०/०६/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०२/०९ | LT. No. 293913 | चलानी नं. ६०२०९०२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 1 | 0 | 1200 | ४३,६९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Moulding Maker | 7 | 0 | 1200 | ४३,६९५ | | | | | | | |
| 3 | Plumber | 17 | 0 | 1200 | ४३,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १७ गते (30th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ५४२/०६१/०६२

MBK OVERSEAS PVT. LTD.

Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np

Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np

Contact: (For Kathmandu) 9801064154,9808658844,9828816646

Contact: (For Jhapa) 023590343,9842716845,9815933303



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR CLEANING COMPANY WLL

पूर्व स्वीकृति मिति २०८०/११/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०९ | LT. No. 301270 | चलानी नं. ६०२१६०८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 3 | 0 | 1000 | ३६,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : QATAR CLEANING COMPANY WLL

पूर्व स्वीकृति मिति २०८०/०५/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०९ | LT. No. 291273 | चलानी नं. ६०२०६५८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 4 | 0 | 1000 | ३६,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : QATAR CLEANING COMPANY WLL

पूर्व स्वीकृति मितिः २०८०/०८/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०९ | LT. No. 296117 | चलानी नं. ६०२१११९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1000 | ३६,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १७ गते (30th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL POWER CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०७/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०९ | LT. No. 294539 | चलानी नं. ६०२०९६००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ६२,१६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 1 | 0 | 1100 | ४०,२२५ | | | | | | | |
| 3 | Labour | 8 | 0 | 1000 | ३६,५६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १७ गते (30th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Global Recruitment Group Pvt.Ltd.

(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)

License No. : 1535/078/079

Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079

Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VRINDAVAN STAR SECURITY SERVICES LLC

पूर्व स्वीकृति मितिः २०८०/१०/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०९ | LT. No.298534 | चलानी नं. ६०२१४५८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 36 | 0 | 1200 | ४३,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १७ देखि २० गते (30 May-2 June 2024) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रोजगारदाता आफैले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ace Recruitment Pvt. Ltd. श्रम ईजाजत नं. १६२६/०७९/०८०

Prakash Ashram Road, Near Int'l Airport, Kathmandu, Nepal, Tel: +977 1-5914502, 1-5914503, 9801316307, 9801316308

WhatsApp: +977 9801316307, Mail: cv.acenepal@gmail.com, jobs.acerecruitment@gmail.com, Web: www.acerecruitment.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DRAIEH KUWAITI READY FOODSTUFF CO. W.L.L.

पूर्व स्वीकृति मिति २०८१/०२/०४ | LT. No. 304728 | चलानी नं. ६०२१९८५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arabic & Conti Cook | 4 | 0 | 170 | ७३,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Cook | 1 | 0 | 145 | ६२,९८० | | | | | | | |
| 3 | Camp Boss | 4 | 0 | 220 | ९५,५५५ | | | | | | | |
| 4 | Driver | 4 | 0 | 150 | ६५,१५० | | | | | | | |
| 5 | Kitchen Helper | 14 | 0 | 110 | ४७,७७५ | | | | | | | |
| 6 | Pastry Cum Baker | 4 | 0 | 160 | ६९,४९५ | | | | | | | |
| 7 | Rig Boy | 10 | 0 | 120 | ५२,१२० | | | | | | | |
| 8 | Senior Cook | 1 | 0 | 170 | ७३,८३५ | | | | | | | |
| 9 | Waiter | 11 | 0 | 130 | ५६,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १७ गते (30th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कःनिःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४०५०० | प्रति तोला - १३९८०० | प्रति तोला - १९०० |



**माटोको भाँडा** | भक्तपुरको पटेली स्क्वायरमा परम्परागत शैलीबाट माटोको भाँडा बनाउँदै स्थानीय कुमाल ।
*तस्बिर: चन्द्रकला क्षेत्री/रासस*

## समस्या समाधान गर्न कार्यदल

■ प्रभाव संवाददाता

**काठमाडौं–** बन्द अवस्थामा रहेको रौतहटस्थित श्रीराम चिनी मिल सञ्चालनका विषयमा देखिएका समस्या समाधानका लागि आज महिला तथा सामाजिक मामिलाका सभापतिसमेत रहनुभएका सांसद किरण साहको नेतृत्वमा कार्यदल गठन गरिएको छ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीको कार्यकक्षमा भएको त्रिपक्षीय छलफलपछि पाँच सदस्यीय कार्यदल गठन गरिएको हो । कार्यदलमा चिनी मिलका तर्फबाट हितेश गोल्छा र विशाल अग्रवाल, किसान संघर्ष समितिका अध्यक्ष अशोककुमार यादव तथा मन्त्रालयको औद्योगिक प्रवर्द्धन महाशाखा प्रमुख रहेका छन् । मन्त्री भण्डारीले बजेट अगाडि सञ्चालनका विषयमा देखिएका समस्या समाधानका लागि ठोस योजना ल्याउन आग्रह गरे । उनले उद्योगलाई अन्यत्र सार्नुभन्दा सोही स्थानमा सञ्चालन गर्न सुझाव दिए ।

एक हप्ताभित्र सो उद्योगका समस्याको टुङ्गो लगाउनुपर्नेमा जोड दिँदै मन्त्री भण्डारीले सञ्चालन गर्ने गरी प्रक्रिया अगाडि बढाउन सरोकारवालासित आग्रह गरे। 'बन्द उद्योग सञ्चालन गर्ने सरकारको उदेश्य छ, हामी यो चिनी मिललाई बन्द गर्न वा सार्न भन्दैनौँ, बरु सञ्चालनका लागि के गर्न सकिन्छ त्यसमा मन्त्रालयबाट आवश्यक सहयोग रहन्छ', उनले भने ।

मिल सञ्चालनका लागि गर्नुपर्ने सहयोगका लागि आफू प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले यस विषयमा प्रधानमन्त्री र अर्थमन्त्रीसँग आवश्यक सहजीकरणका लागि पहल गर्ने बताए । उनले भने, 'ठाउँ सारेर कुनै फाइदा हुँदैन, बरु त्यही ठाउँमा सञ्चालनको वातावरण बनाउन म तयार छु, प्रधानमन्त्री र अर्थमन्त्रीसँग यस विषयमा कुरा गर्नुपरे सरोकारवालासहित म पनि छलफलका लागि जाउँला ।'

**अर्थतन्त्रमा प्रादेशिक योगदान**

# बागमतीको सबैभन्दा बढी, कर्णालीको कम

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) मा प्रदेशको योगदान हेर्दा बागमती प्रदेशको सबैभन्दा बढी र कर्णालीको सबैभन्दा कम देखिएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक कूल गार्हस्थ्य उत्पादन अनुमानसम्बन्धी तथ्यांकअनुसार चालु आर्थिक वर्षको मुलुकको कूल अर्थतन्त्रमा बागमती प्रदेशले सबैभन्दा बढी ३६ दशमलव ४ प्रतिशत योगदान गर्ने अनुमान गरिएको छ ।

त्यस्तै, कोशीको १५ दशमलव आठ, लुम्बिनीको १४ दशमलव तीन, मधेसको १३ दशमलव एक, गण्डकीको नौ दशमलव एक र सुदूरपश्चिम प्रदेशको सात दशमलव एक प्रतिशत योगदान रहने अनुमान गरिएको छ । जिडिपीमा सबैभन्दा कम योगदान कर्णाली प्रदेशको करिब चार दशमलव तीन प्रतिशत बराबर मात्रै रहने अनुमान तथ्यांक कार्यालयले गरेको छ । कार्यालयका अनुसार गत आव २०७९/८० को संशोधित अनुमानबमोजिम कुल गार्हस्थ्य उत्पादनमा प्रादेशिक योगदान सीमान्त रूपमा परिवर्तन भएको छ। 'गत वर्षको तुलनामा कूल गार्हस्थ्य उत्पादनमा कोशी, मधेस, कर्णाली र सुदूरपश्चिमको योगदान सीमान्त रूपमा घटेको छ भने बाँकी प्रदेशको योगदान सीमान्त रूपमा बढेको छ', तथ्यांक कार्यालयले भनेको छ ।

चालु आव २०८०/८१ मा राष्ट्रिय वार्षिक कूल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिब रु ५७ खर्ब पाँच अर्ब हुने अनुमान गरिएको छ । देशको शासन प्रणालीमा भएको परिवर्तन पछि प्रादेशिक तहमा भएको आर्थिक गतिविधिको मापन गर्न र प्रदेशमा देखिएका सामाजिक तथा आर्थिक विभेदलाई न्यून गर्न आवश्यक नीति निर्माणका लागि तथ्यांक कार्यालयले यस्तो तथ्यांक सार्वजनिक गर्दै आएको छ ।

अर्थतन्त्रको प्रादेशिक अनुमान प्रचलित मूल्य र स्थिर मूल्य दुवैमा मापन गरी सार्वजनिक गरिएको छ । प्रचलित मूल्यको कूल गार्हस्थ्य उत्पादनबाट अर्थतन्त्रको आकार अनुमान गरिन्छ भने स्थिर मूल्यको कूल गार्हस्थ्य उत्पादनबाट आर्थिक वृद्धिदर अनुमान गरिन्छ। चालु आवको प्रारम्भिक अनुमानबमोजिम उपभोक्ताको मूल्यमा प्रादेशिक कूल गार्हस्थ्य उत्पादनको वृद्धिदर सबैभन्दा धेरै गण्डकी प्रदेशमा चार दशमलव ५५ र लुम्बिनीमा चार दशमलव ०५ प्रतिशत बराबर रहने अनुमान गरिएको छ । त्यस्तै, कोशीको आर्थिक वृद्धिदर तीन दशमलव ५१, मधेसको तीन दशमलव ७८, बागमतीको तीन दशमलव ९६ र सुदूरपश्चिमको चार दशमलव ४१ प्रतिशत रहने अनुमान गरिएको छ । सबैभन्दा थोरै वृद्धिदर कर्णाली प्रदेशमा तीन दशमलव ३९ प्रतिशत बराबर मात्रै हुने प्रारम्भिक अनुमान छ ।

उपभोक्ताको मूल्यमा राष्ट्रिय कूल गार्हस्थ्य उत्पादन वृद्धिदर तीन दशमलव ८७ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएकोमा गण्डकी, लुम्बिनी र बागमती प्रदेशको राष्ट्रिय वृद्धिदरभन्दा धेरै र बाँकी प्रदेशको राष्ट्रिय वृद्धिदरभन्दा थोरै हुने प्रारम्भिक अनुमान रहेको छ। तथ्यांक कार्यालयका अनुसार सबै प्रदेशमा आव २०७८/७९ को वृद्धिदरभन्दा आव २०७९/८० को वृद्धिदर कम देखिएको छ भने आव २०७९/८० को वृद्धिदरभन्दा आव २०८०/८१ को वृद्धिदर धेरै रहेको देखिएको छ ।

कोशी प्रदेश कूल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा चालु आवका लागि करिब रु नौ खर्ब तीन अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने गत आवमा करिब रु आठ खर्ब ४९ अर्ब रहने संशोधित अनुमान गरिएको छ । मधेस प्रदेशको चालु आवका लागि करिब रु सात खर्ब ४८ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने गत आवमा करिब रु सात खर्ब तीन अर्ब रहने संशोधित अनुमान गरिएको छ ।

तथ्यांक कार्यालयका अनुसार बागमती प्रदेशको जिडिपी चालु आवमा करिब रु २० खर्ब ७५ अर्ब पुग्ने प्रारम्भिक अनुमान गरिएको छ भने गत आवमा करिब रु १९ खर्ब ३८ अर्ब रहने संशोधित अनुमान गरिएको छ। त्यसैगरी, गण्डकी प्रदेशको कूल गार्हस्थ्य उत्पादन चालु आवमा रु पाँच खर्ब १७ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने गत आवमा करिब रु चार खर्ब ८४ अर्ब रहने संशोधित अनुमान गरिएको छ । लुम्बिनी प्रदेशको कूल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा चालु आवका लागि करिब रु आठ खर्ब १४ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने गत आवमा करिब रु सात खर्ब ६४ अर्ब रहने संशोधित अनुमान गरिएको छ।

त्यस्तै, कर्णाली प्रदेशको कूल गार्हस्थ्य उत्पादन चालु आवमा करिब रु दुई खर्ब ४४ अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने गत आवमा करिब रु दुई खर्ब २९ अर्ब रहने संशोधित अनुमान गरिएको छ । सुदूरपश्चिम प्रदेशको कूल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा चालु आवका लागि करिब रु चार खर्ब चार अर्ब हुने प्रारम्भिक अनुमान गरिएको छ भने गत आवमा करिब रु तीन खर्ब ८१ अर्ब रहने संशोधित अनुमान गरिएको छ ।

## कर्पोरेट

### सिटिजन्स बैंक र न्यूरो कार्डियो हस्पिटलबीच समझदारी



**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र बिराटनगर, मोरङ स्थित न्यूरो कार्डियो एण्ड म्लटीस्पेसियालिटी हस्पिटल बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ । सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले न्यूरो कार्डियो एण्ड म्लटीस्पेसियालिटी हस्पिटलका सेवाहरूमा १० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

### मुक्तिनाथ विकास बैंकद्वारा इलाम र महोत्तरीमा वृक्षरोपण



**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक लि.ले इलाम महोत्तरीमा वृक्षारोपण कार्यक्रम आयोजना गरेको छ । बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत ईलाम जिल्लास्थित इलाम नगरपालिकाको चियाबारी-०७ र पाटेनागी - ०१ मा करिब २५० वटा तथा महोत्तरी जिल्लास्थित बर्दिबास नगरपालिकाको किसननगर-०६ मा १०० वटा कागतीका विरुवाहरूको वृक्षारोपण गरी हरियाली अभियानद्वारा वातावरणीय सन्तुलन तथा जलवायु परिवर्तनविरुद्ध लड्न योगदान पुऱ्याएको जनाएको छ ।

बैंकले उक्त कार्यक्रम हरियाली प्रर्वद्धनका लागि आयोजना गरेको थियो । सो कार्यक्रममा बैंकका कर्मचारीहरू, अभियानकर्ता तथा स्थानिय नगरबासीहरूको उपस्थिति रहेको थियो । साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको एटीएम कार्ड प्रयोग गरी नेपालभरी रहेको भिषा नेटवर्कमा आवद्ध अन्य जुनसुकै बैंकको एटिएम मेसिनबाट निःशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको छ ।

### सन नेपाल लाइफ इन्स्योरेन्सको साधारणसभा सम्पन्न




**काठमाडौं (प्रस)–** सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सातौ बार्षिक साााधारण सभा सम्पन्न भएको छ। राजधानीमा बुधबार सम्पन्न उक्त साधारण सभाबाट सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत बार्षिक प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०७९/८० को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो सँग सम्वन्धित अनुसूचिहरू सहितको वित्तिय विवरण, सहायक कम्पनी सनलाइफ क्यापिटल लिमिटेडको आर्थिक बर्ष २०७९/०८० को वित्तिय विवरणहरूसहितको एकीकृत वित्तिय विवरण, बोनस, लाभांशलगायतका प्रस्ताव पारित भएको छ । त्यसका साथै सर्वसाधारण शेयरधनी समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न १ (एक) जना सञ्चालक स्नेहा शर्मालाई चयन समेत गरिएको थियो ।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाऔं

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं,
- लोकतन्त्रको संरक्षण र प्रवर्द्धन गरौं,
- राज्यलाई जनताप्रति उत्तरदायी बनाऔं,
- कानुनी शासन सुनिश्चित गरौं,
- व्यक्तिगत स्वतन्त्रता र मानवअधिकारको सम्मान गरौं,
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं,
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं,
- गणतन्त्रलाई जीवनशैली र संस्कारको रूपमा अवलम्बन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ